श्री

काठमाडौं जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री तेजबहादुर खड्का

कसुर ठहर आदेश

मुद्दा नं.:-०७९-C१-२२७१

गजेन्द्र बुढाथोकीको जाहेरीले नेपाल सरकार.............................................................वादी

विरुद्ध

केशव प्रसाद दुलाल समेत.....................................................................................प्रतिवादी

मुद्दाः-ठगी, लिखत किर्ते, राज्य विरुद्ध र संगठित अपराध।

यसमा वादी नेपाल सरकारको तर्फबाट उपस्थित जिल्ला न्यायाधिवक्ता, सहायक जिल्ला न्यायाधिवक्ता, जाहेरवालाहरुको तर्फबाट विद्वान वरिष्ठ अधिवक्ता र विद्वान अधिवक्ताहरु तथा प्रतिवादीहरुको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता र विद्वान अधिवक्ताहरुले गर्नुभएको बहस समेत सुनियो।

प्रतिवादीहरु केशव प्रसाद दुलाल, सानु भण्डारी, सागर राई, सन्देश शर्मा, टंक कुमार गुरुङ, डा.ईन्द्रजित राई, टोप बहादुर रायमाझी, सन्दिप रायमाझी, बालकृष्ण खाँण, टेक नारायण पाण्डे, नरेन्द्र के.सी., बिक्रम भन्ने गोविन्द चौधरी, रामशरण के.सी., आङटावा शेर्पा, शमशेर मिया, टेकनाथ रिजाल, प्रतिक थापा, केशव तुलाधर, हरिभक्त महर्जन, लक्ष्मी महर्जन, निरञ्जन कुमार खरेल, धिरेन राई, मोहन राज राई, दिपा हुमागाई, सुनिल बुढाथोकी, विनिता सावदेन लिम्बु, अशोक पोखरेल, राजेश अर्याल, निरज राई र आशिष बुढाथोकी समेतले **ठगीतर्फ** मुलुकी अपराध संहिता,२०७४ को दफा २४९ को उपदफा (१) र (२) बमोजिमको कसूर गरेको देखिएकोले निजहरुलाई सोही संहिताको दफा गरी २४९ को उपदफा (३) को खण्ड (ग) बमोजिम सजाय हुन, **लिखत सम्बन्धी कसूरतर्फ** मुलुकी अपराध संहिता, २०७४ को दफा २७६ को उपदफा (१) र (२) बमोजिमको कसूरमा सोही संहिताको दफा २७६ को उपदफा (३) देहाय (ग) बमोजिम सजाय हुन, **राज्य विरुद्धको कसूरतर्फ** मुलुकी अपराध संहिता, २०७४ को दफा ५१ को उपदफा (१) र (२) को खण्ड (क) बमोजिमको कसूरमा सोही संहिताको दफा ५१ को उपदफा (४) को देहाय (क) बमोजिमको सजाय गरी सोही संहिताको दफा ५१ को उपदफा (७) बमोजिम थप सजाय हुन, **संगठित अपराध सम्बन्धी कसूरतर्फ**

संगठित अपराध निवारण ऐन, २०७० को दफा ३ को उपदफा (१), (२), (३) को खण्ड (क) तथा दफा (५) बमोजिमको कसूरमा सोही ऐनको दफा ९ को खण्ड (क) र खण्ड (ग) बमोजिम सजाय हुन तथा निज प्रतिवादीहरुलाई **एकिकृत कसूरतर्फ** मुलुकी अपराध संहिता, २०७४ को दफा ४३ को उपदफा (२) बमोजिम थप सजाय गरी पाँउ भन्ने बेहोराको अभियोग मागदावी रहेको देखिन्छ।

यसमा प्रतिवादीहरु उपर ठगी, लिखत किर्ते, राज्य विरुद्ध र संगठित अपराध तथा एकीकृत कसूर सम्बन्धमा वादी नेपाल सरकाको तर्फबाट अभियोग पत्र दायर भई प्रस्तुत मुद्दा विचाराधिन रही रहेको वखत मिति २०८२।५।२४ गतेको Gen Z (नव युवा) आन्दोलनको क्रममा यस काठमाडौं जिल्ला अदालतको भवनमा आगलागि हुँदा प्रस्तुत मुद्दाको कारबाही चलि रहेको मुद्दा फाँटमा रहेका सम्पूर्ण मिसिल जलेर नष्ट भएकोले प्रस्तुत मुद्दाको सक्कल कागजातहरु सम्पुर्ण जलेर नष्ट भई सम्मानित सर्वोच्च अदालतबाट त्यसरी जलेर नष्ट भएका मुद्दाहरुको सम्बन्धमा वादी र प्रतिवादी एवम् सरोकारवालहरुबाट प्रतिलिपि कागजात दाखिल गर्न लगाई मिसिल खडा गर्ने गरी मिसिल प्राप्ति सम्बन्धी निर्देशिका जारी भए बमोजिम जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौं, जिल्ला प्रहरी परिसरको कार्यालय काठमाडौं, गृह मन्त्रालय, प्रतिवादीहरु एवम् जाहेरवालाहरु समेतले उपलब्ध गराउनु भएको प्रतिलिपि कागजातको आधारमा प्रस्तुत मुद्दामा पेश भएको त्यस्ता कागजातलाई प्रमाणीकरण गरी मिसिल खडा गरेको अवस्था रहेको छ।

## जाहेरवालाहरुको निवेदनका सम्बन्धमा

सर्व प्रथम प्रस्तुत मुद्दामा सुनुवाई प्रारम्भ हुन साथ प्रस्तुत मुद्दाका जाहेरवाला मध्येका राम कुमार रेग्मी, प्रेमराज पन्थी र सुमन दाहालले दिएको निवेदनमा प्रस्तुत मुद्दामा जाहेरी दरखास्त, बकपत्र समेतमा उल्लेख गरिएका व्यक्तिहरु खड्ग प्रसाद ओली (के.पी. ओली), प्रेम कुमार राई, आरजु देउवा राणा, मन्जु खाँण, राम बहादुर थापा (बादल), नैनकला थापा, राजेश बज्राचार्य, अजय क्रान्ती शाक्य, विद्यासुन्दर शाक्य समेतलाई अदालतमा उपस्थित गराई निजहरुको बयान, बकपत्र समेत हुनुपर्ने जिकिर गरी निवेदन गरेको र निज जाहेरवालाका तर्फबाट उपस्थित रहनु भएका केही कानून व्यवसायीहरुले निवेदनमा उल्लेखित व्यक्तिहरुलाई अदालतमा उपस्थित गराएर बयान लिनु पर्ने, बकपत्र गराउनु पर्ने भन्ने समेतको जिकिर गरी बहस समेत गर्नुभएको सम्बन्धमा प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट पेश भएको अभियोग पत्रको पृष्ठ २०३ मा प्रस्तुत मुद्दामा प्रतिवादीहरुको बयान पोलमा परि खुलाई दिएका व्यक्तिहरुको हकमा अनुसन्धान कार्य जारी रहेको तथा कसूर गरेको खुल्न आएका बखत संगठित अपराध निवारण ऐन, २०७० को दफा २२ एवम् मुलुकी फौजदारी कार्यविधि, २०७४ को दफा ३५ बमोजिम थप दावी लिई अभियोग पत्र पेश गरिने भन्ने बेहोरा स्पस्ट रुपमा खुलाएको देखिन्छ। उक्त निवेदन सम्बन्धमा बहस गर्ने क्रममा कानून व्यवसायीहरुले अदालतबाट नै उल्लेखित

व्यक्तिहरुलाई झिकाई बयान, बकपत्र गराउनु पर्ने जिकिर लिएपनि यो साधारण अधिकार क्षेत्र मात्र प्रयोग गरी मुद्दाको सुनुवाई गर्ने यस जिल्ला अदालतले असाधारण अधिकार क्षेत्र अवलम्बन गरी क्षेत्राधिकार ग्रहण गर्ने रिट क्षेत्राधिकार अन्तरगत आदेश जारी भए जस्तो गरी वादी नेपाल सरकारको तर्फबाट प्रतिवादी कायम गरी अभियोजनमा उल्लेख नै नभएका निवेदनमा उल्लेखित व्यक्तिहरुलाई यस अदालत झिकाई बयान बकपत्र गराउनलाई नेपाल सराकरले पूरक अभियोग नल्याएको अवस्थामा निवेदन माग बमोजिम गर्न नमिल्ने भएकोले विद्वान कानून व्यवसायीको बहस तथा निवेदकको निवेदन सम्बन्धमा थप केही बोली रहनु पर्ने देखिएन।

## फरार प्रतिवादीहरुको हकमा

अब प्रस्तुत मुद्दामा प्रतिवादी कायम भएका प्रतिवादीहरुको सम्बन्धमा सर्वप्रथम हाल सम्म फरार रहेका प्रतिवादीहरु अशोक पोखरेल, धिरेन राई, दीपा हुमागाई, निरज राई, राजेश अर्याल, मोहनराज राई, बिनिता सावदेन लिम्बु र सुनिल बुढाथोकीको हकमा प्रस्तुत मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ९८ बमोजिम मुल्तवीमा रहने ठहर्छ।

## हाजिर प्रतिवादीहरुको हकमा

प्रस्तुत मुद्दामा हाजिर रहेका प्रतिवादीहरुको हकमा बिचार गरी हेर्दा, निज प्रतिवादीहरु उपर ठगी, लिखत किर्ते, संगठित अपराध, राज्य विरुद्धको कसूर एवम् एकीकृत कसूर कायम गरी निज प्रतिवादीहरुलाई सजाय हुन वादी नेपाल सरकारको अभोयोग माग दावी रहेको देखिंदा उल्लेखित आरोपित कसूर सम्बन्धमा सर्वप्रथम यकिन भए पश्चात त्यस्ता आरोपित कसूरमा प्रतिवादीहरुको संलग्नता तर्फ विचार हुनु पर्ने देखिन आयो।

## सरकारी लिखत किर्ते सम्बन्धी

प्रस्तुत मुद्दाको आरोपित कसूर सम्बन्धमा लिखत किर्ते सम्बन्धि कसूर वारदात तर्फ हेर्दा प्रतिवादीहरुले नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाई अमेरिका पठाई दिने भनी नेपाल सरकारले नेपालमा बाँकी रहेका भुटानी शरणार्थीहरु सम्बन्धी समस्या समाधानका उपाय पहिचान गर्न मिति २०७६।२।३० गते सहसचिव बालकृष्ण पन्थीको संयोजकत्वमा गठित कार्यदलले मिति २०७६।७।१ गते गृह मन्त्रालयमा पेश गरेको प्रतिवेदनलाई किर्ते गरी नक्कली प्रतिवेदन खडा गरी नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थीको रुपमा प्रतिवेदनमा समावेश गर्ने र भुटाणी शरणार्थी सम्बन्धि नक्कली परिचय पत्र समेत जारी गर्ने कार्य गरी प्रतिवादीहरुले सरकारी लिखत किर्तेको कसूर गरेको भन्ने तथ्य रहेको देखिन्छ। सो सम्बन्धमा पीडितहरुले आफूहरु ठगीमा परेको भन्ने जाहेरी दरखास्त दिई अनसुन्धानको क्रममा जाहेरवाला मध्येका राम कुमार रेग्मीको पत्नी सुनिता गौतमले बालकृष्ण पन्थीको कार्यदलको नक्कली प्रतिवेदन अनुसन्धान अधिकारीलाई बुझाएको र उक्त प्रतिवेदनमा १० वटा अनुसूची कायम गरी अनुसूची ९(क) र अनुसूची ९(ख) भन्ने बेहोरा उल्लेख गरी क्याम्प

CamScanner

भित्र ठेगाना रहेको तथा क्याम्प बाहिर ठेगाना रहेका भनी जम्मा ५८१ परिवारका ८७५ जना विभिन्न कारण देखाई शरणार्थी छुट दर्ता गरी तेस्रो देशमा पुनस्थापना माग गर्दै कार्यदल समक्ष निवेदन दिने व्यक्ति भनी उल्लेख गरेको एउटा अवस्था रहेको देखिन्छ। त्यसै गरी गृह मन्त्रालयको च.नं.८४० मिति २०८०।१।२६ गतेको पत्र साथ अनुसन्धान अधिकारीलाई उपलब्ध गराएको बालकृष्ण पन्थी कार्यदलको प्रतिवेदन भनी जम्मा १० वटा अनुसूची रहेकोमा अनुसूची ९ मा विभिन्न कारण देखाई शरणार्थी छुट दर्ता गरी पाउँ भनी कार्यदल समक्ष निवेदन दिने व्यक्तिको नाम भनी उल्लेख भएको तर सुनिता गौतमले प्रमाणमा पेश गरेको प्रतिवेदनमा जस्तो अनुसूची ९ (क) र ९(ख) भनी छुट्टा छुट्टै लेखिएको देखिदैंन। त्यसै गरी गृह मन्त्रालयले च.नं.८४३ मिति २०८०।१।२६ गतेको पत्र साथ अनुसन्धान अधिकारीलाई पठाएको बालकृष्ण पन्थी कार्यदलको प्रतिवेदन भनी जम्मा ९ वटा अनुसूची मात्र रहेको र सो ९ अनुसूची भएको प्रतिवेदन मात्र सक्कली प्रतिवेदन हो भनी पत्राचार समेत गरेको साथै प्रधानमन्त्री कार्यालयबाट प्रमाणमा पेश भएको प्रतिवेदनमा पनि जम्मा ९ वटा अनुसूची मात्र रहेको देखिएको र उक्त बालकृष्ण पन्थी कार्यदलले पेश गरेको ९ वटा अनुसूची रहेको प्रतिवेदनमा विभिन्न कारण देखाई शरणार्थी छुट दर्ता गरी पाँउ भनी कार्यदलमा निवेदन दिने व्यक्तिहरु भन्ने कुनै पनि बेहोरा नै उल्लेख भएको देखिदैंन। यसरी हेर्दा प्रारम्भिक रुपमा नै बालकृष्ण पन्थी कार्यदलले जम्मा ९ वटा अनुसूची मात्र भएको प्रतिवेदन दिएको र प्रतिवेदनमा पनि UNHCR र RCU झापाको संयुक्त टोलीले census absentee शरणार्थी संख्या जम्मा ४२९ जना मात्र शरणार्थी दर्तामा छुट भएको UNHCR को प्रतिवेदनमा समेत उल्लेख भएको तर सो भन्दा बढी छुट शरणार्थीमा दर्ता गरी पाउन निवेदन दिने ५८१ परिवारको व्यक्तिलाई छुट दर्ता शरणार्थी भनी मान्न नमिल्ने सुझाव पेश गरेको अवस्थामा गृह मन्त्रालयको अभिलेखमा नै सो सक्कली प्रतिवेदन भन्दा फरक १० वटा अनुसूची कायम गरिएको प्रतिवेदन अभिलेखमा राखेको देखिएको तथा सुनिता गौतमले उपलब्ध गराएको प्रतिवेदनमा (बालकृष्ण पन्थी कातर्यदल प्रतिवेदन) भनी १० वटा अनुसूची कायम गरी अनुसूची ९(क) र ९(ख) समेत बनाएको तथा उक्त नक्कली प्रतिवेदनमा सक्कली प्रतिवेदनका कति पय बेहोरा थपघट समेत गरेको र भुटानी शरणार्थी भनी नक्कली परिचय पत्र जारी गरेको प्रमाण समेत फेला परेको देखिंदा प्रस्तुत मुद्दामा लिखत किर्ते सम्बन्धी कसूर वारदात स्थापित भएको देखियो।

## संगठित रुपमा ठगी गरेको कसूर तर्फ

अब प्रस्तुत मुद्दामा संगठित रुपमा ठगी गरी ठगी सम्बन्धी कसुर तथा संगठित अपराधको कसूर भएको भन्ने सम्बन्धमा हेर्दा जाहेरवालाहरुको जाहेरी दरखास्त, जाहेरवालाहरुको बकपत्र, बुझिएका मानिसको घटना विवरण कागज एवम् पक्राउ परेका प्रतिवादीहरु केशव प्रसाद दुलाल, सानु भण्डारी, सन्देश शर्मा, लगायतले मौकामा अनुसन्धान अधिकारी समक्ष गरेको बयान समेतबाट नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाई अमेरिका पठाइदिने भनी पीडित नेपाली नागरिकलाई नक्कली

CamScanner

भुटानी शरणार्थीको रुपमा नाम नै परिवर्तन गरी फर्म भराउने, देशको विभिन्न स्थानमा बायोमेट्रिक तथा मेडिकल गराउने, ट्राभल डकुमेन्ट तथ परिचय पत्र समेत बनेको भनी प्रतिवादीहरु मध्येका सन्देश शर्मा, केशव प्रसाद दुलाल समेतले जाहेरवालाहरुलाई सामाजिक संजाल Whatsapp, Viber समेत बाट पठाई विश्वास दिलाउँदै पटक पटक गरी कसैले रकम संकलन गरी संकलित रकम अर्कोलाई पठाउने गरेको देखिएको र प्रतिवादीहरुको संख्या पनि ३ जना भन्दा बढि रहेको, ठगी सम्बन्धी वारदात कसूरमा राजनीतिक व्यक्ति, प्रशासक कर्मचारी, बिचौलियाको रुपमा सक्रिय रहेको व्यक्ति समेत संलग्न रहेको देखिएको, पीडितहरुले प्रतिबादी सन्देश शर्मा, सागर राई, बिक्रम भन्ने गोविन्द कुमार चौधरी समेतका मानिस मार्फत आफू ठगीएको, रकम बुझाएको भनी पीडितहरुले खुलाएको, पीडितहरुले आफूले पैसा बुझाएको व्यक्ति भन्दा माथिको भूमिकामा रही कार्य गर्ने व्यक्तिलाई र कतिपय प्रतिबादीहरुले एक अर्कालाई समेत चिनेको जानेको अवस्था पनि नदेखिएको अवस्थामा पीडितहरुबाट नक्कली भुटानी शरणार्थी बनाई अमेरिका पठाइ दिने भनी ठूलो रकम ठगी गर्ने कार्य कसूरलाई सामूहिक रुपमा ठगी गरेको भनी मान्न नमिल्ने भई उक्त वारदात कसूर संगठित अपराधको कसूर भएको पुष्टि हुन आयो।

## राज्य विरुद्धको कसूर तर्फ

यसैगरी प्रतिवादीहरुले राज्य विरुद्धको कसूर गरेको भन्ने अभियोग दावी तर्फ विचार गरी हेर्दा, नेपालका नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाई अमेरिका पठाई दिने भनी किर्ते प्रतिवेदन समेत खडा गरी त्यस्तो किर्ते प्रतिवेदनमा वास्तविक नेपाली नागरिकलाई भुटानी शरणार्थी कायम गरी नेपालमा रहेका तेस्रो देशमा पुनस्थापना हुन नसकेका बाँकी रहेका भुटानी शरणार्थी सम्बन्धी समस्या समाधान गर्न नेपाल सरकारले गठन गरेको कार्यदलले दिएका सुझावलाई तोडमोड गरी नक्कली प्रतिवेदन बनाएर नक्कली भुटानी शरणार्थीको नाममा वास्तविक नेपालीलाई अमेरिका पठाउने भनी ठगी गरेको कार्यले शरणार्थी सम्बन्धमा नेपाललाई सहयोग गर्दै आएको UNHCR, WFP जस्ता अन्तराष्ट्रिय समुदायले नेपाल राज्यलाई र विभिन्न देशमा बसोबास गरी आएको नेपाली नागरिक एवम् स्वतन्त्र र सार्वभौम नेपाल राज्य र नेपाली नागरिकको स्वाभिमानमा नै प्रत्यक्ष आँच पुग्ने गरी नेपाल राज्यको अन्तराष्ट्रिय छविमा नै दाग लाग्ने कार्य गरी संगठित ठगी समेत गरेको देखिंदा प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको अभियोग दावी बमोजिम राज्य विरुद्धको कसूर भएको तथ्य पुष्टि हुन आयो।

## एकिकृत कसूर तर्फ

प्रस्तुत मुद्दामा वादी नेपाल सरकारले आफ्नो अभियोग दावीमा एकिकृत कसूर कायम गरी सजाय हुन समेत माग दावी लिएको सम्बन्धमा एउटै वारदातमा ठगी, सरकारी लिखत किर्ते, संगठित अपराध तथा राज्य विरुद्धको कसूर समेत ठहर भएको हुँदा एकिकृत कसूर भएको समेत पुष्टि हुन आयो।

CamScanner

प्रतिवादीहरुको संलग्नता सम्बन्धमा

अब प्रस्तुत मुद्दामा सरकारी लिखत किर्ते, ठगी, संगठित अपराध, राज्य विरुद्धको कसूर तथा एकिकृत कसूर सम्बन्धमा प्रतिवादीहरुको संलग्नता रहे नरहेको भन्ने सम्बन्धमा विचार गरी हेर्नु पर्ने देखिन आयो।

सर्व प्रथम सरकारी लिखत किर्तेको सम्बन्धमा विचार गरी हेर्दा वादी नेपाल सरकारले आफ्नो अभियोग दावीमा प्रस्तुत मुद्दाका सबै ३० जना प्रतिवादीहरु उपर नै लिखत किर्तेको दावी लिएको देखिन्छ। यस मुद्दामा नेपाल सरकारले प्रस्तुत मुद्दाका प्रतिवादी तत्कालिन गृह मन्त्री बालकृष्ण खाँड र प्रतिवादी तत्कालिन गृह सचीव टेक नारायण पाण्डे समेतले मन्त्रालयको अभिलेखमा रहेको बालकृष्ण पन्थी कार्यदलको प्रतिवेदन, २०७६ लाई बाहिर लगि अन्य प्रतिवादीहरुको मिलेमतोमा नक्कली प्रतिवेदन खडा गरेको भनी उल्लेख गरेको सम्बन्धमा प्रतिवादी मध्येका तत्कालिन गृह मन्त्री बालकृष्ण खाँड मिति २०७८।३।२९ गते गृह मन्त्रीमा र प्रतिवादी टेक नारायण पाण्डे मिति २०७८।४।२७ गते गृह सचिवमा कार्य प्रारम्भ गरेको देखिन्छ। मिसिल संलग्न जाहेरी दरखास्त तथा पीडितहरुको घटना विवरण कागज एवम् निजहरुको बकपत्र समेतबाट २०७४/२०७५ साल देखि २०७६ साल, २०७७ साल, २०७८ साल तथा २०७९ सालको विभिन्न मिति र समयमा पीडितहरुको नामावली नक्कली भुटानी शरणार्थीमा समावेश भई सकेको भनी दर्ता फाराम भराउने, बायोमेट्रिक गराउने, परिचय पत्र बनेको देखाउने जस्ता कार्यहरु यी प्रतिवादी बालकृष्ण खाँड र टेकनारायण पाण्डे आफ्नो पदिय जिम्मेवारीमा आउनु भन्दा पहिला नै हुदै आएको भनी उल्लेख गरेको तथ्यले पनि निजहरुले गृहमन्त्रालयको अभिलेखमा रहेको बालकृष्ण पन्थी कार्यालयको प्रतिवेदन किर्ते गरेको भन्न मिल्ने अवस्था देखिएन। त्यसमा पनि उक्त प्रतिवेदन जिम्मा लिएर राख्ने मन्त्रालयका कर्मचारीहरुले समेत उक्त लिखत किर्ते को कस्ले गरेको भनी स्पष्ट पार्न सकेको देखिदैंन। यसै सन्दर्भमा पीडितहरुले बताए अनुसार र प्रतिवादी मध्यकै टेकनाथ रिजालले मौकामा अनुसन्धान अधिकारी समक्ष तथा अदालतको बयानमा समेत प्रतिवादीहरु केशव प्रसाद दुलाल र सानु भण्डारीले मन्त्रालयबाट पठाएको कार्ड भनी २०/२५ वटा कार्डमा आफूले सहिछाप गरी दिएको हो भनी आफुले नक्कली परिचयपत्रमा सहिछाप गरेको कुरामा सावित रही उक्त कार्य गराउने व्यक्ति प्रतिवादीहरु केशव प्रसाद दुलाल र सानु भण्डारी रहेको भनी पोल गरेको अवस्थाबाट र गृह मन्त्रालयमा रहेको सक्कली र नक्कली दुबै प्रतिवेदन भन्दा फरक व्यहोरा र ढाँचाको नक्कली प्रतिवेदन बनाई पीडितहरुबाट झुठो आश्वासन प्रदान गरी रकम संकलन गरी ठगी गरेको अवस्था देखिदा गृहमन्त्रालयमा अभिलेखमा रहेको १० वटा अनुसूची भएको नक्कली प्रतिवेदन किर्ते गर्ने कार्यमा स्पष्टता कायम हुन नसके पनि अनुसन्धानको क्रममा प्रमाणमा पेश भएको अनुसूची १० भएको त्यसभित्र अनुसूची ९(क) र अनुसूची ९(ख) भएको किर्ते प्रतिवेदन खडा गर्ने कार्यमा प्रतिवादीहरु मध्येका केशव प्रसाद दुलाल र सानु भण्डारीको संलग्नता रहेको पुष्टि हुन

आयो। त्यसै गरी प्रतिवादी टेकनाथ रिजालले बयानमा प्रतिवादीहरु केशव प्रसाद दुलाल र सानु भण्डारीले मन्त्रालयबाट आएको कार्ड भनी २०/२५ वटा कार्डमा सहि गरी दिएको हो भनी आफुले समेत किर्ते कागज खडा गरेको तथ्य स्वीकार गरी प्रतिवादीहरु केशव प्रसाद दुलाल र सानु भण्डारीलाई पोल गरेको देखिंदा नक्कली भुटानी शरणार्थी परिचय पत्र किर्ते गर्ने कार्यमा प्रतिवादीहरु टेकनाथ रिजाल, केशव प्रसाद दुलाल र सानु भण्डारी संलग्न रही वादी नेपाल सरकारको अभियोग दावी बमोजिम **निजहरु टेकनाथ रिजाल, केशव प्रसाद दुलाल र सानु भण्डारीले सरकारी लिखत किर्तेको कसूर गरेको** पुष्टि हुन आयो।

उक्त बालकृष्ण पन्थीको प्रतिवेदन तथा परिचय पत्र किर्ते गर्ने कार्यमा अन्य प्रतिवादीहरु सागर राई, सन्देश शर्मा, डा. इन्द्रजित राई, विक्रम भन्ने गोविन्द कुमार चौधरी, आङटावा शेर्पा, टेकनारायण पाण्डे, बालकृष्ण खाँड, नरेन्द्र के.सी., शमशेर मिया, हरिभक्त महर्जन, निरञ्जन कुमार खरेल, टोप बहादुर रायमाझी, प्रतिक थापा, रामशरण के.सी., टंक कुमार गुरुङ, सन्दिप रायमाझी, लक्ष्मी महर्जन, केशव तुलाधर र आशिष बुढाथोकीको संलग्नता पुष्टी हुन नसकी आरोपित किर्ते तर्फको अभियोग बाट निजहरुले सफाई पाउने ठहर्छ।

<u>संगठित ठगी तर्फको अपराधमा प्रतिवादीहरुको संलग्नता सम्बन्धमा</u>

प्रतिवादीहरु उपरको संगठित ठगी गरी ठगी र संगठित अपराधको कसूरको सम्बन्धमा विचार गरी हेर्दा, प्रतिवादीहरु केशव प्रसाद दुलाल, सानु भण्डारी, सागर राई, सन्देश शर्मा, विक्रम भन्ने गोविन्द कुमार चौधरी, आङटावा शेर्पाले पीडित जाहेरवालाहरुलाई नक्कली शरणार्थी बनाईअमेरिका पठाई दिने आश्वासन दिलाई निजहरुलाई दर्ता फारम भराई, प्रतिवेदनमा नाम समावेश भएको विश्वास दिलाई, परिचयपत्र, ट्राभल डकुमेन्ट बनेको भन्ने कुरा तथा नेपाल सरकारले भुटानी शरणार्थी सम्वन्धि समस्या समाधानको लागि समिति, कार्यदल बनेको, मन्त्रीपरिषदबाट निर्णय भईसकेको भन्ने जस्ता गलत कुरालाई समाजिक संजाल Whatsapp तथा भाइबर समेतबाट पठाइ विश्वास दिलाएको, विभिन्न स्थानमा गएर निजामति कर्मचारीको ड्रेस तथा कार्ड भिरेर नक्कली सरकारी कर्मचारी भन्ने भ्रम पैदा गरी रकम संकलन गर्ने गरेको भन्ने देखिएको, प्रतिवादी डा. इन्द्रजित राईले गृह मन्त्रीको सुरक्षा सल्लाहकार पदमा रहेको समयमा प्रतिवादी सानु भण्डारीबाट नक्कली शरणार्थी बनाई दिने काम गराई दिने भनी रु.४,५०,००,०००।— (चार करोड पचास लाख) लिएको हो भनी प्रतिवादी सानु भण्डारीले पोल गरेको, गृह मन्त्रालयमा प्रतिवादी केशव प्रसाद दुलाल, डा. इन्द्रजीत राई र सानु भण्डारीले संयुक्त फोटो खिची उक्त फोटोलाई समेत दुरुपयोग गरी पीडितहरुलाई भ्रममा पारेको भन्ने देखिएको, प्रतिवादी सानु भण्डारीको घरबाट बरामद भएको डायरीमा पटक पटक ठूलो मात्राको रकम सानु भण्डारीले इन्द्रजीत राईलाई बुझाएको विवरण देखिएको, प्रतिवादी टेकनाथ रिजालले अदालतको बयानमा समेत यो ठगी प्रकरणको प्रमुख योजनाकार प्रतिवादी टोप बहादुर रायमाझी रहेको तथा आफुलाई विक्रम

भन्ने गोविन्द कुमार चौधरी मार्फत काठमाडौंमा झिकाएर एयरपोर्टवाट प्रतिवादी टोप बहादुर रायमाझीको घरमा लगी त्यहाँ भेट भएका केशव प्रसाद दुलाल र सानु भण्डारीलाई समेत लिएर टोप बहादुर रायमाझीले आफु टेकनाथ रिजाल, सानु भण्डारी र केशव प्रसाद दुलाललाई लिएर प्रचण्डकोमा गएकोमा प्रचण्डले आफु व्यस्त रहेकोले टोप बहादुरसंग नै कुरा गर भनी पठाएको भनी पोल गरी बयान गरेको, प्रतिवादी सानु भण्डारीले बयानमा मौकामा प्रतिवादी टोप बहादुर रायमाझीलाई २ करोड दिएको त्यसमध्ये ४० लाख निजको छोरा सन्दिप रायमाझीको बैंक खातामा दिएको भनी बयानमा खुलाएको देखिन्छ। अर्का प्रतिवादी टेक नारायण पाण्डेले मिति २०७८।८।१३ गते मन्त्री परिषदवाट पारीत भएको नेपालमा बाँकी रहेका भुटानी शरणार्थी समस्या समाधन सम्बन्धमा पेश भएको प्रस्ताव स्विकृत हुनु पूर्व नै मिति २०७८।६।१४ गते गरेको सचीव स्तरिय निर्णय व्यहोरा हेर्दा टिप्पणी उठाउने क्रममा UNHCR र RCU झापाले census absentee भनी दर्ता हुन छुट भएका ४२९ भुटानी शरणार्थी भनी पहिचान गरेको व्यक्ति सम्बन्धमा जन्म र मृत्यको कारण संख्या घटबढ हुन सक्ने भनी पुन:verification को लागि टिप्पणी उठान भएकोमा निजले स्वीकृत गरेको टिप्पणी आदेशमा छुट भएका शरणार्थीको विवरणलाई पुन:verification गर्न भनी समिति गठन गरेको देखिन्छ। नेपालमा बाँकी रहेको शरणार्थी सम्बन्धमा UNHCR ले नै दर्ता भएका शरणार्थी संख्या ६५७७ र census absentee संख्या ४२९ भनी स्पष्टता कायम गरी सकेको सन्दर्भमा नेपाल सरकार मन्त्रीपरिषदमा निर्णयको लागि गृह मन्त्रालयवाट पेश भएको मिति २०७५।७।२५ को प्रस्ताव सम्बन्धमा मिति २०७५।८।३ को मन्त्रीपरिषद निर्णय, वा मिति २०७६।८।१७ को गृह मन्त्रालयको प्रस्तावमा मन्त्रीपरिषदवाट मिति २०७७।११।११ मा भएको निर्णय वा यिनै प्रतिवादी टेक नारायण पाण्डेले गृहमन्त्री बालकृष्ण खाँडको मिति २०७८।८।१२ मा स्वीकृति लिई मिति २०७८।८।१३ गतेको मन्त्रीपरिषदवाट भएको निर्णय सम्बन्धमा पेश गरेको प्रस्तावमा नेपालमा रहेको छुट दर्ता शरणार्थी भनी कहि कतै पनि उल्लेख नै नभएको अवस्थामा यिनै प्रतिवादी टेक नारायण पाण्डेले मिति २०७८।६।१४ गते निजले गठन गरेको सचीव स्तरीय निर्णय बमोजिमको समितिले काम नगरेको भनी मिति २०७८।८।१३ गते भएको मन्त्रीपरिषदको निर्णय कार्यान्वयनको नाममा पुन: मिति २०७८।६।१४ गतेको निर्णय बमोजिम गठित समितिको म्याद २०७९ भाद्र मसान्त सम्म थप गरी छुट शरणार्थीहरु समेतको सन्दर्भमा ठोस राय सुझाव लिने कार्यदिश थप गर्न तत्कालिन गृहमन्त्री वालकृष्ण खाँड समक्ष प्रस्ताव पेश गरी मिति २०७९।२।२७ गते गृहमन्त्रीवाट प्रस्ताव स्वीकृत गराएको देखिएको छ भने उक्त प्रस्ताव मन्त्रीवाट स्वीकृत गराउनु अगाडीको तत्कालीन अवस्थामा प्रतिवादी केशव प्रसाद दुलाल र प्रतिवादी टेकनारायण पाण्डे वीचको viber मा भएको कुराकानीको सम्वाद हेर्दा समिति गठनको विषयमा प्रतिवादी केशव प्रसाद दुलालवाट प्रत्यक्ष प्रभावमा परी समितिको म्याद थप एवम मन्त्री परिषदको निर्णयमा हुदै नभएको व्यहोराको छुट शरणार्थी समेतको सन्दर्भमा राय सुझाव लिने भनी निर्णयमा

प्रस्ताव गरी निर्णय भएको देखिंदा मिति २०७६।७।१ को बालकृष्ण पन्थी कार्यदलले नै विभिन्न कारण देखाई छुट दर्ता शरणार्थी भनी कार्यदलमा निवेदन दिने व्यक्तिहरुलाई छुट दर्ता शरणार्थी मात्र अनुपयुक्त ठहर गरी सुझाव दिएको तथा UNCHR ले सार्वजनिक अपिल मार्फत तेस्रो देश पुनस्थापना कार्य समाप्त भएको, कोही पनि ठगीमा नपर्न भनी सजग गराएको अवस्थामा छुट शरणार्थीको नाममा नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाई अमेरिका पठाउने भनी ठगीको धन्धा चलाउने, चलाई रहेका व्यक्तिहरुलाई प्रत्यक्ष सहयोग पुग्ने गरी नीति निर्माण तहमा रहेर कार्य गर्ने काममा प्रतिवादी टेक नारायण पाण्डे संलग्न रहेको देखिन आयो। यसरी **प्रतिवादीहरु मध्ये केशव प्रसाद दुलाल, सानु भण्डारी, सागर राई, सन्देश शर्मा, डा. इन्द्रजीत राई, विक्रम भन्ने गोविन्द कुमार चौधरी, आङटावा शेर्पा, टेक नारायण पाण्डे र टोप बहादुर रायमाझीले वादी नेपाल सरकारको अभियोग मागदावी बमोजिम आरोपित ठगी तथा संगठित अपराधको कसूर गरेको ठहर्छ।**

<u>ठगी तथा संगठित अपराधको कसूरमा मतियारको रुपमा संलग्न प्रतिवादीहरुको सम्बन्धमा</u>

प्रतिवादीहरु बालकृष्ण खाँडको सम्बन्धमा विचार गरी हेर्दा निज गृह मन्त्री नियुक्त भई मन्त्रीपरिषदमा भुटानी शरणार्थी समस्या समाधानको लागि प्रस्ताव पेश गर्ने गरी गरेको निर्णयमा "छुट शरणार्थी दर्ताको विषय उल्लेख नभएको, मिति २०७८।६।१४ गते प्रतिवादी टेक नारायण पाण्डेले समिति गठन गर्ने गरी गरेको निर्णयमा निज प्रतिवादी बालकृष्ण खाँडको संलग्नता रहेको नदेखिएको तर तत्कालिन गृहसचिव प्रतिवादी टेक नारायण पाण्डे र अर्का प्रतिवादी केशव प्रसाद दुलालबिच viber मा भएको अन्तरसंबादमा प्रतिवादी केशव प्रसाद दुलाललाई "मन्त्रीसँग भेट गराउने भनी टेक नारायण पाण्डेले भनेको, मन्त्रीको गिफ्ट तथा मन्त्रीको सामान ल्याउन भनी टेक नारायण पाण्डेले भनेको तर निजले रकम लिए खाएको भन्ने प्रत्यक्ष प्रमाण रहेको नदेखिए पनि प्रतिवादी आङटावा शेर्पाले गरेको घटना विवरण कागजमा निज बालकृष्ण खाँडका स्वकीय सचीव मार्फत केही रकम फिर्ता गरेको भन्ने उल्लेख गरेको देखिंदा निज प्रतिवादी बालकृष्ण खाँड अनुचीत प्रभावमा परी प्रतिवदी टेक नारायण पाण्डेले पेश गरेको समितको म्याद थप तथा समितिको कार्यदेश थप गर्ने निर्णयमा समावेश भएको भन्ने अवस्था देखिंदा **प्रतिवादी बालकृष्ण खाँड आरोपित ठगी तथा संगठित अपराधको कसूरमा मतियार** रहेको ठहर्छ।

प्रतिवादी टेकनाथ रिजालले पीडितको ठगी भएको रकम लिए खाएको नदेखिए पनि नक्कली भुटानी शरणार्थी कार्डमा सहिछाप गरी पीडितहरुलाई भ्रममा पारी ठगी गर्न सहयोग गरेको देखिएको, प्रतिवादी नरेन्द्र के.सी.ले ठगीको रकम लिए खाएको नदेखिए पनि निजको साथबाट बरामद मोबाइलको परिक्षण प्रतिवेदनबाट संगठित रुपमा ठगी गर्ने कार्यमा सहज हुने गरी मन्त्रालयको विभिन्न सूचना,

CamScanner

समाचारहरु अन्य प्रतिवादीहरुलाई शेयर गरेको देखिएको, प्रतिवादी शमशेर मिँयाले कोही कसैबाट रकम लिए खाएको नदेखिए पनि सरकारी सुविधामा प्राप्त गरेको सवारी साधन गाडीलाई प्रत्यक्ष ठगी गर्ने कार्यमा संलग्न प्रतिवादी सन्देश शर्मालाई दिएर सर्व साधारण मानिसलाई सरकारी कर्मचारी भन्ने भ्रम पैदा हुने गरी ठगीमा संलग्न कसूरदारलाई सहयोग गरेको देखिएको, प्रतिवादी हरिभक्त महर्जनले निजको पत्नी लक्ष्मी महर्जन तथा आफ्नै सहकारी संस्थामा काम गर्ने प्रतिवादी केशव तुलाधरको बैंक खाता प्रतिवादी सन्देश शर्मालाई उपलब्ध गराई जाहेरवालाले उक्त बैंक खातामा जम्मा गरेको रकम अर्का प्रतिवादी राम शरण के.सी.को बैंक खातामा ट्रान्सफर गरी ठगी गर्ने कार्यमा प्रत्यक्ष संलग्न नरहेको भए पनि ठगी गर्ने व्यक्तिलाई सहयोग पुऱ्याएको, प्रतिवादी निरञ्जन कुमार खरेलले संगठित ठगीको कसूरमा प्रत्यक्ष संलग्न बनी प्रतिवादी सानु भण्डारीको आफू सुरक्षा कर्मी भएको भन्ने भ्रममा पारी जाहेरवालाले प्रतिवादी विक्रम भन्ने गोविन्द कुमार चौधरीलाई बुझाएको रकम प्रतिवादी सानु भण्डारी समक्ष पुऱ्याई दिने तथा बायोमेट्रिक गराएको विभिन्न ठाँउमा उपस्थित रहने गरी यी **प्रतिवादीहरु टेकनाथ रिजाल, नरेन्द्र के.सी., शमशेर मिँया, हरीभक्त महर्जन, निरञ्जन कुमार खरेलले संगठित ठगीको कसूरमा मतियारको** कसूर गरेको ठहर्छ।

## राज्य विरुद्धको कसूर र एकिकृत कसूर तर्फ

प्रस्तुत मुद्दामा प्रतिवादीहरु उपरको राज्य विरुद्धको आरोपित कसूर सम्बन्धमा र एकिकृत कसूर सम्बन्धमा विचार गरी हेर्दा, नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाई अमेरिका पठाई दिने भनी **प्रतिवादीहरु केशव प्रसाद दुलाल, सानु भण्डारी, सागर राई, सन्देश शर्मा, डा. इन्द्रजीत राई, विक्रम भन्ने गोविन्द कुमार चौधरी, आङटावा शेर्पा, टेक नारायण पाण्डे र टोप बहादुर रायमाझीले** संगठित रुपमा ठगी गरी उक्त कसूरबाट राज्य बिरुद्धको कसूर तथा एकिकृत कसूर गरेको ठहर्छ।

अर्का **प्रतिवादीहरु बालकृष्ण खाँड, टेकनाथ रिजाल, नरेन्द्र के.सी., शमशेर मिँया, हरिभक्त महर्जन, निरञ्जन कुमार खरेलले राज्य विरुद्धको कसूरमा मतियार** रहेको ठहर्छ।

## सफाई पाउने प्रतिवादीहरुको सम्बन्धमा

प्रतिवादी रामशरण के.सी.को हकमा निज अर्का प्रतिवादी टेकनाथ रिजालको विश्वासमा परी निजका साथीहरुबाट रकम संकलन गरी प्रतिवादी केशव प्रसाद दुलाल र सानु भण्डारीलाई संकलित रकम बुझाएको देखिए पनि निज प्रस्तुत मुद्दाका जाहेरवालाहरु राम कुमार रेग्मी, प्रेमराज पन्थी जस्तै भुमिकामा मात्र रहेको देखिएको र निजले अरुलाई ठगी गर्ने नियत राखी उक्त कार्य गरेको अवस्था नदेखिएको, प्रतिवादी टंक कुमार गुरुङ रेस्टुरेन्ट व्यवसायी रहेको भन्ने देखिएको र निजको रेष्टुरेन्टमा कसूरमा संलग्न व्यक्तिहरु जम्मा भेला भई मिटिङ गरेको भन्ने मात्र आधारमा निजलाई कसूरदार कायम

गर्न मिल्ने नदेखिएको, प्रतिवादी सन्दिप रायमाझीको हकमा निजलाई प्रतिवादी सानु भण्डारीले चालिस लाख बैंक खातामा जम्मा गरी दिएको भन्ने उल्लेख गरे पनि प्रतिवादी सानु भण्डारीले आफ्नो बयानमा प्रतिवादी टोप बहादुर रायमाझीलाई दिएको २ (दुई) करोड मध्येको रकम रहेको भनी उल्लेख गरेको, प्रतिवादी सानु भण्डारी समेत यी प्रतिवादी सन्दीप रायमाझीसंग लीयोन ट्रेडर्स लि.मा २०७४ सालमा शेयर सदस्य रहेको देखिने शेयर लगत प्रमाण प्रतिवादी सन्दीप रायमाझीले पेश गरेको देखिएको तथा बाबु टोप बहादुर रायमाझीलाई दिएको रकम मध्येको ४० लाख रकम निज टोप बहादुर रायमाझीका छोरा सन्दीप रायमाझीलाई दिएको हो भनी प्रतिवादी सानु भण्डारीले गरेको बयान समेतबाट बाबुलाई दिएको रकम छोराको खातामा हालेको अवस्था समेतबाट निज प्रतिवादी सन्दीप रायमाझी आरोपित कसुरका सम्बन्धमा कसुरदार रहेको भन्ने नदेखिएको, प्रतिवादी लक्ष्मी महर्जनको बैंक खाता र प्रतिवादी केशव तुलाधरको बैंक खाता अर्का प्रतिवादी हरीभक्त महर्जनले दुरुपयोग गरेको अवस्था मात्र देखिएको, प्रतिवादी प्रतिक थापा आरोपित कसुरमा संलग्न रहेको भनी प्रेमराज पन्थीले जाहेरीमा उल्लेख गरे पनि निज प्रेमराज पन्थीले प्रतिक थापा उपरको जाहेरी पूर्ण रुपमा खण्डीत हुने गरी बकपत्र गरेको तथा निजले ठगीवाट प्राप्त कुनै पनि रकम लिए खाएको वस्तुनिष्ठ प्रमाण पेश हुन आएको समेत नदेखिएको र अर्का प्रतिवादी आशिष बुढाथोकीको बैंक खाता प्रतिवादी केशव प्रसाद दुलालले दुरुपयोग गरेको अवस्था मात्र देखिएकोले प्रस्तुत मुद्दामा **प्रतिवादीहरु रामशरण के.सी.,टंक कुमार गुरुङ, सन्दीप रायमाझी, प्रतिक थापा, लक्ष्मी महर्जन, केशव तुलाधर र आशिष बुढाथोकीले** आरोपित कसुरको अभियोगवाट सफाई पाउने ठहर्छ।

कसूर ठहर भएका प्रतिवादीहरुलाई हुने सजाय निर्धारणका लागि मिति २०८३।३।२९ गतेको पेशी तोकी पेशी मिति अगावै सजाय पुर्वको प्रतिवेदन पेश गर्नु भनी जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौं र प्रतिवादीहरुको कानुन व्यवसायीलाई जानकारी दिई सोको जानकारी प्रतिवादी समेतलाई दिई नियमानुसार पेश गर्नू।

जिल्ला न्यायाधीश

**ईति संवत् २०८३ साल असार महिना २३ गते रोज ३ शुभम्..................................।**

CamScanner

श्री

काठमाडौं जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री तेजबहादुर खड्का

**कसुर ठहर आदेश**

मुद्दा नं.:- ०८०-C१-०६३७

गजेन्द्र बुढाथोकी समेतको जाहेरीले नेपाल सरकार.........................................वादी

विरुद्ध

बेचन झा.........................................................................................प्रतिवादी

मुद्दाः-ठगी, लिखत किर्ते, राज्य विरुद्ध र संगठित अपराध सम्बन्धी कसूर।

यसमा वादी नेपाल सरकारको तर्फबाट उपस्थित जिल्ला न्यायाधिवक्ता, सहायक जिल्ला न्यायाधिवक्ता, जाहेरवालाहरुको तर्फबाट विद्वान वरिष्ठ अधिवक्ता र विद्वान अधिवक्ताहरू तथा प्रतिवादीहरुको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता र विद्वान अधिवक्ताहरूले गर्नुभएको बहस समेत सुनियो।

प्रस्तुत मुद्दामा वारदातमा संलग्न रही फरार रहेका प्रतिवादी **बेचन** झाले मुलुकी अपराध संहिता,२०७४ को दफा २४९ को उपदफा (१) र (२) बमोजिमको कसूर गरेकोले निजलाई सोही संहिताको दफा गरी २४९ को उपदफा (३) को खण्ड (ग) बमोजिम सजाय हुन, मुलुकी अपराध संहिता, २०७४ को दफा २७६ को उपदफा (१) र (२) बमोजिमको कसूरमा सोही संहिताको दफा २७६ को उपदफा (३) देहाय (ग) बमोजिम सजाय हुन, मुलुकी अपराध संहिता, २०७४ को दफा ५१ को उपदफा (१) र (२) को खण्ड (क) बमोजिमको कसूरमा सोही संहिताको दफा ५१ को उपदफा (४) को देहाय (क) बमोजिमको सजाय हुन तथा **संगठित अपराध निवारण ऐन, २०७० को** दफा ३ को उपदफा (१), (२), (३) को खण्ड (क) तथा दफा ५ बमोजिमको कसूरमा सोही ऐनको दफा ९ को खण्ड (क) र खण्ड (ग) बमोजिम सजाय हुनका साथै निज प्रतिवादीहरूलाई एकीकृत **कसूरतर्फ मुलुकी अपराध संहिता, २०७४ को दफा ४३ को उपदफा (२)** बमोजिम थप सजाय गरी पाँउ भन्ने बेहोराको अभियोग पत्र दायर हुन आएको देखिन्छ।

प्रतिवादी बेचन झाले अर्को लगाउको ०७९-८१-२२७१ को मुद्दाका प्रतिवादी रामशरण के.सी.बाट २ करोडको चेक बुझि लिएको भन्ने देखिएको र उक्त चेकको रकम भुक्तानीको लागि बैंकमा पेश हुँदा खातामा पर्याप्त मौज्दात नरहेको कारण चेक सटही हुन नसकेको भन्ने कुरा बैंकको पत्रबाट समेत देखिंदा निजले ठगी सम्बन्धी कसूरको उद्योगको कसूर गरेको ठहर्छ। सो बाहेक निजले सरकारी लिखत किर्ते, संगठित अपराध, राज्य विरुद्धको कसूर तथा एकिकृत कसूर गरेको भन्ने तर्फको वादी नेपाल सरकारको अभियोग दावी पुग्न नसक्ने ठहर्छ।

निज प्रतिवादीले ठगी कसूरको उद्योग गरेको ठहरेकोले निज प्रतिवादीलाई हुने सजाय निर्धारणका लागि मिति २०८३।३।२९ गतेको पेशी तोकी पेशी मिति अगावै सजाय पूर्वको प्रतिवेदन पेश गर्नु भनी जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौं र प्रतिवादीको कानुन व्यवसायीलाई जानकारी दिई सोको जानकारी प्रतिवादी समेतलाई दिई नियमानुसार पेश गर्नू।

२०८३।३।२३।२

जिल्ला न्यायाधीश

ईति संवत् २०८३ साल असार महिना २३ गते रोज ३ शुभम्.......................................।

श्री

काठमाडौं जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री तेजबहादुर खड्का

**कसुर ठहर आदेश**

मुद्दा नं.:- ०८०-c१-१४२५

दाफुरी शेर्पा समेतको जाहेरीले नेपाल सरकार.....................................................वादी

विरुद्ध

केशव प्रसाद दुलाल समेत.....................................................................प्रतिवादी

मुद्दाः-ठगी, लिखत किर्ते, राज्य विरुद्ध र संगठित अपराध सम्बन्धी कसूर।

यसमा वादी नेपाल सरकारको तर्फबाट उपस्थित जिल्ला न्यायाधिवक्ता, सहायक जिल्ला न्यायाधिवक्ता, जाहेरवालाहरुको तर्फबाट विद्वान वरिष्ठ अधिवक्ता र विद्वान अधिवक्ताहरु तथा प्रतिवादीहरुको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता र विद्वान अधिवक्ताहरुले गर्नुभएको बहस समेत सुनियो।

प्रतिवादीहरु केशव प्रसाद दुलाल, सानु भण्डारी, सागर राई, राम शरण के.सी. र आङटावा शेर्पाले आपसी मिलेमतोमा संगठित भई जिम्मेवारीको बाँडफाँड आर्थिक लाभ लिने उद्देश्यले आपराधिक समूह निर्माण गरी जाहेरवालाहरु एवं निजका आफन्तहरु समेतलाई नक्कली भुटानी शरणार्थी बनाई अमेरिका पठाइदिन्छु भनी किस्ता किस्तामा रकम उठाई जाहेरवालाहरुबाट जम्मा रकम रु. २,१७,९२,०००।— (दुई करोड सत्र लाख बयानब्बे हजार) ठगी गरेको पुष्टी भएकोले निज प्रतिवादीहरुबाट **मुलुकी अपराध संहिता,२०७४ को दफा २५४ बमोजिम** जाहेरवालाहरुको बिगो दिलाई भराई पाउँ भनी सजाय तर्फ कुनै दावी नलिई बिगोको हकमा मात्र दावी लिई पुरक अभियोग पत्र दायर हुन आएको देखिन्छ।

यसै मुद्दाको लगाउमा रहेको ०७९-c१-२२७१ को मुद्दामा आज यसै इजलासबाट भएको कसुर ठहर सम्बन्धि निर्णयमा समावेश भएको विषय र प्रस्तुत मुद्दाको विषय एउटै रहेकोले उक्त लगाउको मुद्दामा कसुर ठहर सम्बन्धमा भएको निर्णयमा लिएका आधार कारण समेतबाट प्रतिवादीहरु केशव प्रसाद दुलाल, सानु भण्डारी, सागर राई र आङटेवा शेर्पाले वादी नेपाल सरकारको अभियोग

दावी बमोजिमको ठगी, संगठीत अपराध, राज्य विरुद्धको कसुर तथा एकीकृत कसुर गरेको ठहर्छ। प्रस्तुत मुद्दामा लिखत किर्ते सम्बन्धमा प्रतिवादी मध्येको केशव पसाद दुलाल र सानु भण्डारीको हकमा कसुर ठहरी अन्य प्रतिवादीहरु सागर राई, आङटेवा शेर्पाले लिखत किर्ते गरेको भन्ने तर्फको अभियोग दावी पुग्न नसकी सो सम्बन्धमा सफाई पाउने ठहर्छ।

अर्का प्रतिवादी रामशरण के.सी.को हकमा उक्त लगाउको ०७९-cr-२२७१ को मुद्दाको भएको फैसलामा लिएका आधार कारण समेतवाट प्रस्तुत मुद्दामा लिखत किर्ते, ठगी, संगठित अपराध, राज्य विरुद्धको कसुर तथा एकीकृत कसुर गरेको भन्ने अभियोग दावी पुग्न नसकी निज प्रतिवादी रामशरण के.सी.ले आरोपित कसुरको अभियोगवाट सफाई पाउने ठहर्छ।

प्रस्तुत मुद्दामा कसुर ठहर भएका प्रतिवादीहरुको हकमा सजाय निर्धारणका लागि मिति २०८३।३।२९ गतेको पेशी तोकी पेशी मिति अगावै सजाय पुर्वको प्रतिवेदन पेश गर्नु भनी जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौं र प्रतिवादीहरुको कानुन व्यवसायीलाई जानकारी दिई सोको जानकारी प्रतिवादीहरु समेतलाई दिई नियमानुसार पेश गर्नू।

२०८३।३।२३

जिल्ला न्यायाधीश

ईति संवत् २०८३ साल असार महिना २३ गते रोज ३ शुभम्.................................।